# त्रिपुरासुन्दरी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

सल्यानटार, धादिङ ।
बागमती प्रदेश, नेपाल

त्रिपुरासुन्दरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सल्यानटार, धादिङ बागमती प्रदेश,नेपाल

प.सं.०८१/८२,
च.नः

मितिः २०८१/०९/०१
ने.सः ११४५ थिलाथा पारु, सोमबार

१८. बोलपत्रदाताले कवोल गरेको रकममा १३% मु.अ.क. र १.५% अग्रिम आयकर गरी कवोल अंक कायम गरिने छ र उक्त रकम बोलपत्रदाताले एकमुष्ट रुपमा सम्झौता बखत बुझाउनुपर्नेछ । अन्य जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न सक्नुहुनेछ ।

१ ९/०१

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

# त्रिपुरासुन्दरी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

सल्यानटार, धादिङ ।
बागमती प्रदेश, नेपाल

प.सं.०८१/८२,
च.नः ५३५

मितिः २०८१/०९/०१
ने.सः ११४५ थिलाथा पारु, सोमबार

**ढुङ्गा, गिट्टी, बालुवा तथा उत्खनन सामग्री लिलाम विक्रि सम्बन्धी बोलपत्र आवाहनको ७ दिने सूचना**
**दोस्रो पटक प्रकाशित मितिः २०८१/०९/०१**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा त्रिपुरासुन्दरी गाउँपालिकाको निर्णय बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भिँत्रका देहायका ठेक्का शिलबन्दी बोलपत्र मार्फत बन्दोवस्त गनुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति वा फर्मले बोलपत्र पेश गर्न चाहेमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्मले बोलपत्र पेश गर्न चाहेमा आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर, दर्ताप्रमाण पत्र तथा आ.व.२०८०/८१ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपी तथा उक्त कार्य गर्न योग्य भएको स्व घोषणा पेश गरी निम्न सर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र खरिद गर्न सकिने छ ।बोलपत्र फारम कार्यालयबाट वा कार्यालयको Website : tripurasundarimundhading.gov.np बाट डाउनलोड गरी पेश गर्न सकिने छ ।

| ठेक्का नं. | सामग्रीको नाम | काम ठेगाना | मू.अ. कर र अग्रिम कर बाहेकको दर (प्रति घन फिट) | परिमाण (प्रति घन फिट) | परिमाण (प्रति घन मिटर) | मु.अ. कर र अग्रिम आयकर बाहेकको न्युनतम जम्मा रकम रु. |
|---|---|---|---|---|---|---|
| राजश्व ०८१/८२/०१ | ढुङ्गा, गिट्टी, बालुवा तथा उत्खनन् सामग्री | डाडाँगाउँ नाका (देवीथान देखि भैसरे सम्म) वडा नं १ | ७ | १४२८५७।१४ | ४०४५.२६ | १०००००० |
| राजश्व ०८१/८२/०२ | ढुङ्गा, गिट्टी, बालुवा तथा उत्खनन् सामग्री | बुट्टार नाका (बाङ्गेरहदेखि देवीथान सम्म) वडा नं १ | ७ | १७१४२८।५७ | ४८५४।३२ | १२००००० |
| राजश्व ०८१/८२/०३ | ढुङ्गा, गिट्टी, बालुवा तथा उत्खनन् सामग्री | पड्केघारी, काष्टेखोला, आरुघाट नाका वडा नं २ | ७ | १५८७१४।२८५ | ५२५८।८४२ | १३००००० |

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

# त्रिपुरासुन्दरी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
सल्यानटार, धादिङ ।
बागमती प्रदेश, नेपाल


प.सं.०८१/८२,
च.नः

मितिः २०८१/०९/०१
ने.सः ११४५ थिलाथा पारु , सोमबार

| | | | | | | |
|---|---|---|---|---|---|---|
| राजश्व ०८१/८२/५ | ढुङ्गा, गिट्टी, बालुवा तथा उत्खनन् सामग्री | सुकौरा नाका (सुकौरादेखि खहरे पुलसम्म) वडा नं ७ | ५ | ४२८५७।१४ | १२१३।५८ | ३०००० |

बोलपत्र सम्बन्धि शर्तहरुः

१. राजश्व ०८१/८२/०१, राजश्व ०८१/८२/०२, राजश्व ०८१/८२/०३ र राजश्व ०८१/८२/०५, ठेक्काको बोलपत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समय भित्र शिलबन्दी बोलपत्र फारम रु. १०००/- नगद नेपाल इन्भेष्टमेन्ट मेगा बैक नेपाल लि.त्रिपुरासुन्दरी शाखामा रहेको आन्तरिक राजश्व खाता GA.1.1 TRIPURASUNDARI GA.PA. AANTARIK RAJASO KHATA खाता नं. 16701400000116 मा दाखिला गरेको सक्कल भौचर पेश गरी खरिद गर्न सकिने छ र बोलपत्र बुझाउँदा यस कार्यालयबाट खरिद भएका बोलपत्र ७ औ दिनको ५:०० बजेसम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका बोलपत्र ८ औं दिनको २:०० बजे यस कार्यालयको बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ ।बोलपत्रदाता र प्रतिनिधिको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२. खरिद भएका शिलबन्दी बोलपत्र फारममा न्युनतम तोकिएको कुल ठेक्का अंकको पाँच प्रतिशत रकम नगदै नेपाल इन्भेष्टमेन्ट मेगा बैक नेपाल लि.त्रिपुरासुन्दरी शाखामा रहेको यस कार्यालयका धरौटी खाता GA..3.1 TRIPURASUNDARI GA.PA. DHARAUTI KHATA खाता नं. 16701400000178 मा दाखिला गरेको सक्कल भौचर वा कम्तिमा ९० दिन म्याद भएको बैंक जमानत पत्र BID BOND रीत पूर्वक सहिछाप तथा शिलबन्दी गरि बोलपत्र दाता आफै वा प्रतिनिधि मार्फत दाखिला गर्न सकिने छ। (Connect ips मार्फत जम्मा गरिएको भौचर पनि मान्य हुनेछ ।)

३. बोलपत्रदाताले पेश गरेको बोलपत्र फिर्ता हुने छैन ।

४. ठेक्का अवधि २०८२ जेष्ठ मसान्त सम्म हुनेछ ।

५. बोलपत्र फारम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुनेगरी उल्लेख भएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

६. बोलपत्र स्वीकृत भएपछि बोलपत्र स्वीकृत भएको आशय पत्र जारी भएको ७ दिन भित्र नियमानुसार आवश्यक कागजातको प्रमाणित प्रतिलिपी साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्रमा सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ । दोस्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन बोलपत्र आह्वान गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

७. स्वीकृत ठेक्का अंकलाई दुई किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५०%, दोस्रो किस्ता ५० % गरी दुई किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५० % सम्झौता गर्नु अगावै दाखिला गरी बाँकी ५०% को हकमा

प.सं.०८१/८२,
च.नः

मितिः २०८१/०९/०१
ने.सः ११४५ थिलाथा पारु , सोमबार

चैत्र मसान्त भित्र बैक जम्मा गर्नुपर्नेछ सो का लागि बैक जमानत वापत नेपाल सरकारको मान्यता प्रास बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०८२ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

८. बन्द हडताल, चक्काजाम लगायत अन्य सिर्जित कारण बाट सिर्जना हुने अवस्थाको कारण कर छूट वा मिनाहा दिन नसकिने हुँदा कवोल अंकमा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन साथै कर छुट वा मिनाहा माग गर्न पाइने छैन

९. शुल्क उठाउने रसिदमा ठेक्कोको शिर्षक उल्लेख गरी ३/३ प्रतिवाला रसिद ठेकेदार आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नं दाखिला गरेर मात्र कर दस्तुर उठाउन पाइन्छ ।

१०. कुनै कारण जनाई वा नजनाई ठेक्काको स्वीकृत गर्ने, आशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ । बोलपत्र पेश गर्दा बोलपत्रदाताको तर्फ बाट कुनै किसिमको शर्त मान्य हुने छैन शर्त सहितको बोपलत्रलाई बदर मानिनेछ । साथै रित नपुगि वा म्याद नाघि आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११. चलान पुर्जीमा उल्लेख भएका गाउँपालिकाबाट तोकेको मालवस्तु र दररेटको प्रतिकुल हुनेगरी कर दस्तुर शुल्क लिन पाइने छैन बढी लिएको प्रमाण पेश हुन आएमा गाउँपालिकाबाट जरिवाना गरिने र उजुरीकर्तालाई जरिवाना रकमको २५ प्रतिशत रकम दिईने छ कुनैपनि सवारी साधनमा तोकिएको कर नतिरी झुक्याई अनियमित गरेका सवारी साधनलाई गाउँपालिकाले तोकिएका जरिवाना गरिने छ । साथै ढुंगा, गिट्टी, ग्रावेलको हकमा गाउँपालिका स्तरिय अनुगमन तथा मुल्याङ्कन समितिको निर्णय अनुसार सिफारिस भएको जरिवाना रकम असुल गरिने छ ।

१२. बोलपत्रदाताले अदालत, नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिकाको नीति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु बोलपत्र दाताको कर्तव्य एवम् दायित्व हुने छ । नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति हानि नोक्सानी हुन गएमा सो को क्षतिपूर्ति बोलपत्रदाताले दाबी गर्न पाउने छैन ।

१३. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा ठेक्का तोडी बांकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट असुल उपर गरिनेछ । अशुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतीपूर्ती समेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।

१४. खोलाको पुलको ५०० मीटर आसपास ढुंगा, गिटी, बालुवा उठाउन पाईने छैन ।

१५. बोलपत्रदाताले उठाउने कर यस कार्यालयद्वारा तोकिएको उत्पादन स्थल वा तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । सडकमा ढांट राखि कर उठाउन पाईने छैन कर सकलन सम्बन्धि सूचना पाटी अनिवार्य रुपमा ठेकेदारले लेखेर संकलन केन्द्रमा राख्नुपर्ने छ ।

१६. बालुवा, ढुंगा, गिट्टी उठाउने सन्दर्भमा प्रदेश अनुगमन समिति, जिल्ला अनुगमन समिति तथा समन्वय समिति र त्रिपुरासुन्दरी गाउँपालिकाबाट निर्देशन भए बमोजिम हुनेछ ।

१७. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।